# अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

सम्पर्क नं ९८५७६८३८१०

Email: ito.annamun@gmail.com

Web:annapurnamunmyagdi

गण्डकी प्रदेश, नेपाल


प.स. - ०८०/०८१

च.नं.- 1222

मितिः२०८१।०२।०२

ने सः११४४ वछलाथ्व,७ बुधवार

विषयः जानकारी सम्बन्धमा।

श्री वडा कार्यालय सबै,

अन्नपूर्ण गाउँपालिका, म्याग्दी।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ६१९१७, मिति २०८१।०१।२५ को पत्र तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं ५८८, मिति २०८१।०१।२८ गतेको पत्र आवश्यक जानकारी तथा कार्यान्वयनका लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

Bhagawati

भगवती खड्का कटुवाल

प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सूचना तथा प्रविधि शाखा

सिंहदरबार, काठमाडौं

प.सं.: २०८०/८१
च.नं.: ६८८

मितिः- २०८१ वैशाख २८ गते

विषयः सुझाव कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. २ को मिति २०८१।१।२५ च.नं. ६१९१७ को पत्र यसै साथ संलग्न रहेको छ । विस्तृत व्यहोरा पत्रवाटै अवगत गरी आयोगको मिति २०८१।१।२० को निर्णयानुसार प्राप्त देहायको सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

सुझाव

"नेपाल सरकारले हदवन्दी छानविन गर्नुपर्ने र नेपालभर रहेका हदवन्दी भन्दा बढी जग्गाको लगत राखुका साथै नेपाल सरकार वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत प्राप्त गरेको आदेश बेगर हदवन्दी भन्दा बढी जग्गाको रजिष्ट्रेशन नगर्ने व्यवस्था गर्न गराउन र हदबन्दी भन्दा बढी जग्गा प्राप्त गरेको देखिए भूमिसम्वन्धी प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न गराउन हुन तथा हदवन्दी भन्दा बढी जग्गा धितोमा लिदा वा लिलाम विक्री गर्दा नेपाल सरकारको प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न गराउन हुन"

शेखर निधि पौड्याल
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. २, टङ्गाल, काठमाडौं ।

श्री प्रशासन
सबै वडा कार्यालयमा
कार्यान्वयनका लागि
पठाउन पर्ने छ।

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: २४६६
दर्ता मिति: २०८१।२।१

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पत्र संख्या : ०८०-८१
चलानी नं. : DIV2-61917

मितिः २०८१/१/२५

विषय : आयोगको निर्णय सम्बन्धमा ।

श्री स्थानीय तह क्षमता विकास महाशाखा

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

अत्यन्त जरुरी/गोप्य

उपर्युक्त सम्बन्धमा यस आयोगमा "नेपाल सरकारले हदबन्दी छानविन गर्नुपर्ने र नेपालमा रहेका हदबन्दी भन्दा बढी जग्गाको लगत राख्नुका साथै नेपाल सरकार वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत प्राप्त गरेको आदेश बेगर हदबन्दी भन्दा बढी जग्गाको रजिष्ट्रेशन नगर्ने व्यवस्था गर्न गराउन र हदबन्दी भन्दा बढी जग्गा प्राप्त गरेको देखिए भूमिसम्बन्धी प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न गराउन हुन तथा हदबन्दी भन्दा बढी जग्गा धितोमा लिदा वा लिलाम बिक्री गर्दा नेपाल सरकारको प्रचलित कानूनी व्यवस्था बमोजिम गर्न गराउन हुन सबै स्थानीय तहहरुमा जानकारी पठाउने व्यवस्था हुन" भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) (ख) बमोजिम सुझाव लेखि पठाउने आयोगको मिति २०८१।१।२० गते निर्णय भएको बेहोरा अनुरोध छ।

(लोक बहादुर राना)
अनुसन्धान अधिकृत

बोधार्थ

श्री महाशाखा नं १० अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल

श्री सुब्रत शाक्य

दर्ता मितिः- ०८१।१।२६